घरपझोङ गाउँपालिकाद्वारा प्रकाशित

# घरपझोङ राजपत्र

खण्ड : ५) जोमसोम, चैत्र २२ गते, २०८१ साल (संख्या : ११)

## भाग - २

**घरपझोङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालयको, मुस्ताङको**

**सूचना**

## घरपझोङ गाउँपालिकाको बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ (प्रथम संशोधन)

**<u>प्रस्तावना:</u>** यस गाउँपालिका अन्तर्गत गाउँपालिकाले निर्माण गरेको र अन्य निकायबाट निर्माण भई यस गाउँपालिकालाई हस्तान्तरण भएका बसपार्कहरु व्यवस्थित रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (७) तथा दफा १०२ बमोजिम घरपझोङ गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद –१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “घरपझोङ गाउँपालिकाको बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ (प्रथम संशोधन)” रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा :** यस कार्यविधिमा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क) “कार्यपालिका” भन्नाले घरपझोङ गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ख) “कार्यालय” भन्नाले घरपझोङ गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ग) "कार्यविधि" भन्नाले घरपझोङ गाउँपालिकाको बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ (प्रथम संशोधन) लाई सम्झनु पर्दछ ।

घ) "गाउँपालिका" भन्नाले घरपझोङ गाउँपालिकालाई सम्झनु पर्दछ ।

ङ) "गाउँसभा" भन्नाले घरपझोङ गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ ।

च) "ठेकेदार" भन्नाले गाउँपालिकासँग सम्झौता गरी सञ्चालन/व्यवस्थापनको जिम्मा लिएको प्रचलित कानून बमोजिम दर्ता भएको फर्मको प्रोपाईटर वा व्यक्तिलाई सम्झनु पर्दछ ।

छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्दछ ।

ज) "बसपार्क" भन्नाले गाउँपालिकाले आफै निर्माण गरेको वा बसपार्क भनी तोकेको र अन्य निकायबाट निर्माण भई यस गाउँपालिकालाई हस्तान्तरण भएको बस, मिनिबस, जीप, कार, भ्यान वा अन्य सबै किसिमका सवारी साधनहरु पार्क गरी राख्ने स्थानलाई सम्झनु पर्दछ ।

झ) "व्यवस्थापक" भन्नाले बसपार्क सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मा पाएको ठेकेदार वा व्यक्ति वा कार्यालयलाई सम्झनु पर्दछ ।

ञ) "निरिक्षक" भन्नाले बसपार्कको अनुगमन तथा निरिक्षण गर्नका लागि समितिले तोकेको व्यक्तिलाई सम्झनु पर्दछ ।

ट) "समिति" भन्नाले कार्यविधिको दफा ४ बमोजिम गठित बसपार्क सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

ठ) "सवारी साधन" भन्नाले बसपार्कमा पार्किङ गरी राखिने सबै किसिमका सवारी साधनहरुलाई सम्झनु पर्दछ ।

ड) "यातायात कम्पनी" भन्नाले कानून बमोजिम दर्ता भई यात्रुहरु ओसारपसार गर्ने यातायात व्यवसायी कम्पनीलाई सम्झनु पर्दछ ।

## परिच्छेद –२

## उद्देश्य

३. **कार्यविधिको उद्देश्य :** १) यो कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

क) गाउँपालिका भित्र सञ्चालन हुने सार्वजनिक तथा निजी यातायातका साधनहरुलाई व्यवस्थित गर्ने,

ख) बसपार्कको सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी वनाउने,

ग) बसपार्कलाई उपयुक्त ढङ्गबाट सञ्चालन तथा व्यवस्थापन गरी गाउँपालिकाको सौन्दर्य बढाउने,

घ) गाउँपालिकाको आयमा बृद्धि गर्ने ।

## परिच्छेद –३

## बसपार्क सञ्चालन तथा व्यवस्थापन समिति

४. **बसपार्क सञ्चालन तथा व्यवस्थापन समिति :** क) बसपार्क सञ्चालन तथा व्यवस्थापनमा आवश्यक सल्लाह, सुझाव, नियमन तथा समन्वय गर्न देहाय अनुसारको बसपार्क सञ्चालन तथा व्यवस्थापन समिति गठन गरिनेछ :

| | |
|---|---|
| १) गाउँपालिका अध्यक्ष | संयोजक |
| २) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४) बसपार्क रहेको सम्बन्धित वडाका वडा अध्यक्ष | सदस्य |
| ५) नगर प्रहरी प्रमुख | सदस्य |
| ६) पूर्वाधार विकास समितिका संयोजक | सदस्य |
| ७) राजश्व शाखाका शाखा प्रमुख | सदस्य सचिव |

ख) समितिको बैठकमा जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी वा प्रतिनिधि, जिल्ला प्रहरी कार्यालयका प्रमुख वा प्रतिनिधि, ट्राफिक प्रहरी कार्यालयका प्रमुख वा प्रतिनिधि साथै सम्बन्धित संघ संस्थाका प्रमुख वा प्रतिनिधिलाई आमन्त्रित सदस्यका रुपमा आमन्त्रण गर्न सकिनेछ ।

ग) गाउँपालिकाको नगर प्रहरी प्रमुख बसपार्क निरिक्षकको भूमिकामा रहनेछन् ।

५. **समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

क) बसपार्क सञ्चालनको लागि कार्ययोजना निर्माण गर्ने,

ख) बसपार्कलाई व्यवस्थित गर्न टिकट काउण्टर तथा बस/सवारी साधनको पार्किङ्गको व्यवस्था सम्बन्धी निर्णय गर्ने,

ग) बसपार्क भित्र रहेका संरचनाहरुको भाडा दर र टेण्डर प्रक्रियाहरुको विषयमा सुझाव दिने,

घ) बसपार्कको नियम पालना गर्न लगाउने तथा नियम विपरीत कार्य गर्नेलाई कारबाही गर्ने,

ङ) बसपार्क भित्र हुने विवादको समाधान गर्ने,

च) कार्यविधि संशेधनको लागि कार्यपालिकामा सिफारिस गर्ने,

छ) बसपार्क सञ्चालन सम्बन्धमा गाउँ कार्यपालिकालाई आवश्यक सल्लाह सुझाव दिने,

ज) समितिलाई कुनै विषयमा विज्ञको परामर्श आवश्यक परेमा समितिका पदाधिकारी मध्ये कुनै सदस्य संयोजक रहने गरी विशेष कार्यदल गठन गरी बसपार्क व्यवस्थापनका लागि परामर्श लिन सकिनेछ,

झ) बसपार्क व्यवस्थापन सम्बन्धी अन्य कार्यहरु गर्ने ।

६. <u>प्राविधिक उपसमितिः</u>

क) बसपार्कको आय ठेक्का व्यवस्थापन गर्ने प्रयोजनको लागि प्रस्ताव तथा वोलपत्र आह्वान गर्ने, मूल्यांकन गर्ने लगायतका कार्य गर्न गाउँ कार्यपालिकाको कार्यालयको मूल्यांकन समिति नै प्राविधिक उपसमितिको रूपमा रहनेछ । यसमा राजश्व शाखाका शाखा प्रमुख आमन्त्रित सदस्यको रूपमा रहनेछन् ।

ख) उपसमितिको अन्य कार्य प्रचलित कानूनमा व्यवस्था भएको अतिरिक्त संयोजक एवं कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद –४

## गाउँपालिका तथा शाखागत कार्य जिम्मेवारी

७. **<u>योजना शाखाको कार्य जिम्मेवारीः</u>** बसपार्क व्यवस्थापन सम्बन्धमा योजना शाखाको कार्य जिम्मेवारी देहाय अनुसार हुनेछ :-

क) योजना, कार्यक्रम र बजेट तर्जुमामा समितिलाई सहयोग गर्ने ।

ख) योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्ने ।

ग) सिर्जनात्मक कार्यक्रमहरूको विकास गर्न आवश्यक समन्वय गर्ने ।

८. **<u>भौतिक पूर्वाधार शाखाको जिम्मेवारी :</u>** बसपार्क व्यवस्थापन सम्बन्धमा यस शाखाको कार्य जिम्मेवारी देहाय अनुसार हुनेछ :-

क) बसपार्कको योजना अनुसार भौतिक पूर्वाधार निर्माण सम्बन्धी योजना तर्जुमा तथा कार्यान्वयन गर्ने गराउने ।

ख) योजना तथा कार्यक्रम बीचमा प्रभावकारी समन्वय कायम गर्ने गराउने ।

ग) सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन मूल्यांकन गर्ने ।

घ) सिर्जनात्मक योजना तथा कार्यक्रमको तर्जुमा गर्ने ।

९. **<u>राजश्व शाखाको कार्य जिम्मेवारीः</u>** बसपार्क व्यवस्थापन सम्बन्धमा राजश्व शाखाको कार्य जिम्मेवारी देहाय अनुसार हुनेछ :-

क) समितिको सचिवालयबाट सम्पादन हुने कार्य समेत गर्ने ।

ख) बसपार्क क्षेत्रहरूको अभिलेख राख्ने ।

ग) बसपार्कमा राजश्व उठ्ने क्षेत्र पहिचान गर्ने ।

घ) बसपार्कको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा कार्यपालिकाको निर्णय बमोजिम सावर्जनिक सूचना गर्ने।

ङ) सूचना बमोजिम प्राप्त प्रस्तावहरूको मूल्यांकन प्रक्रिया अगाडी बढाउने ।

च) सम्झौता सम्बन्धी सम्पूर्ण कार्यहरू गर्ने ।

छ) निर्णय तथा निर्धारित योजना अनुसार राजश्व संकलन गर्ने गराउने ।

ज) राजश्व संकलन सम्बन्धी सिर्जनात्मक कार्यक्रम तथा क्रियाकलाप तर्जुमा गर्ने ।

झ) सञ्चालित योजना तथा कार्यक्रम र सम्झौता अनुसारको क्रियाकलापहरूको अनुगमन, मूल्यांकन गर्ने ।

ञ) बसपार्कको निर्धारित क्षेत्रहरूमा तोकिए अनुसार व्यवस्थापन गर्ने ।

ट) गाउँपालिका एवं समितिबाट तोकिए बमोजिमका अन्य कार्य गर्ने गराउने ।

१०. **<u>जिन्सी शाखाको कार्य जिम्मेवारीः</u>** बसपार्कको सम्पत्ति व्यवस्थापन सम्बन्धमा जिन्सी शाखाको कार्य जिम्मेवारी देहाय अनुसार हुनेछ :-

क) बसपार्क भित्रको सम्पूर्ण सम्पत्तिको अभिलेख राखी श्रावण मसान्तभित्र गाउँपालिकामा वार्षिक प्रतिवेदन पेश गर्ने ।

ख) बसपार्क भित्र रहेको सम्पूर्ण चल अचल सम्पत्तिको संरक्षण तथा अनुगमन गर्ने गराउने ।

११. **<u>वातावरण तथा विपद् व्यवस्थापन शाखाको कार्य जिम्मेवारी :</u>** बसपार्क क्षेत्रको सरसफाई व्यवस्थापन सम्बन्धमा वातावरण तथा विपद् व्यवस्थापन शाखाको कार्य जिम्मेवारी देहाय अनुसार हुनेछ :-

क) बसपार्कमा हुने फोहरहरूको समुचित रूपमा सरसफाईको प्रवन्ध गर्ने ।

ख) बसपार्कको फोहर व्यवस्थापनमा लागत सहभागिता विधि अवलम्बन गर्ने ।

१२. **<u>नगर प्रहरीको कार्य जिम्मेवारी :</u>** बसपार्क व्यवस्थापन सम्बन्धमा नगर प्रहरीको कार्य जिम्मेवारी देहाय अनुसार हुनेछ :-

क) निर्णय तथा निर्धारित नीतिलाई कार्यान्वयन गर्ने गराउने ।

ख) बसपार्कको सेवा सुविधालाई व्यवस्थित गर्न आवश्यक कार्य गर्ने गराउने ।

ग) बसपार्कमा शान्ति सुरक्षा एवं समग्र व्यवस्थापनको लागि समन्वय एवं कार्य गर्ने ।

घ) गाउँपालिकाबाट तोकिएबमोजिमका अन्य कार्य गर्ने गराउने ।

१३. **<u>सम्बन्धित वडा समितिको कार्य जिम्मेवारी :</u>** बसपार्क व्यवस्थापन सम्बन्धमा सम्बन्धित वडा समितिको कार्य जिम्मेवारी देहाय अनुसार हुनेछ :-

क) अनुगमन गरी गाउँपालिकालाई सल्लाह सुझाव प्रदान गर्ने ।

ख) बसपार्कको व्यवस्थापनका लागि आवश्यक समन्वय एवं सहकार्य गर्ने गराउने ।

१४.**<u>गाउँपालिकाको कार्य जिम्मेवारी :</u>** बसपार्क व्यवस्थापन सम्बन्धमा गाउँपालिकाको कार्य जिम्मेवारी देहाय अनुसार हुनेछ :-

क) सम्बन्धित शाखाहरूबाट प्राप्त प्रगति विवरण तथा प्रतिवेदन सोही शाखा मार्फत समितिमा पेश गर्ने गराउने ।

ख) समन्वय, सहकार्य एवं अनुगमन मूल्यांकन गर्ने गराउने ।

ग) समितिको काम कारबाहीहरूलाई व्यवस्थित गर्ने गराउने ।

घ) समितिलाई आवश्यक पर्ने विशेषज्ञ तथा परामर्श सेवा उपलब्ध गराउने ।

ङ) समितिबाट भएका निर्णय तथा प्राप्त मार्गदर्शन, सुझाव, सल्लाह कार्यान्वयन गर्ने गराउने ।

च) आवश्यकता अनुसार सम्बन्धित शाखालाई निर्देशन दिने ।

छ) शाखागत कार्यविवरण तथा कार्य जिम्मेवारी कार्यान्वयन गराउने ।

ज) व्यवस्थापन तथा कार्यान्वयनका लागि नेतृत्व प्रदान गर्ने ।

झ) समिति तथा कार्यपालिकाबाट तोकिए बमोजिमका अन्य कार्य गर्ने गराउने ।

ञ)सम्झौता बमोजिम काम भए नभएको अनुगमन गर्ने र नभएको पाईएमा तत्काल सम्झौता बमोजिम गर्न लगाउने ।

ट) बसपार्क व्यवस्थापनमा देखिएका विवादको निरूपण गर्ने ।

ठ) विधुत, पिउने पानी, शौचालय, फोहरमैला व्यवस्थापन, सुरक्षा प्रबन्ध, बाटोघाटो ट्राफिक व्यवस्थापनका लिग सहजीकरण गर्ने ।

## परिच्छेद-५

### <u>बसपार्क सञ्चालन व्यवस्थापन विधि</u>

**१५. <u>बसपार्क भित्र लिईने सेवा शुल्क तथा बहाल रकम देहाय बमोजिम हुनेछ :</u>**

क) **<u>बसपार्क भित्र रहेका कोठा र अन्य संरचनाहरुको भाडा :</u>** बसपार्क भित्र रहेका कोठा र संरचनाहरुको तोकिए बमोजिमको बहाल रकम लिने गरी सम्पूर्ण कोठा र संरचनाहरुलाई एकमुष्ट भाडामा लगाईने छ । यसरी एकमुष्ट बहालमा लिने व्यक्ति वा फर्मले अन्य व्यक्ति वा फर्मलाई तोकिए बमोजिमको शर्तको पालना गर्ने गरी भाडामा लगाउन सक्नेछ। तर यसरी भाडामा दिंदा दफा १८ बमोजिमको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

ख) **<u>पार्किङ्ग शुल्कः</u>** बसपार्कमा पार्किङ्ग गरी रात वा छोटो समय बिताउने सवारी साधनबाट अनुसूची–१ बमोजिमको पार्किङ्ग शुल्क लिईनेछ ।

ग) <u>**अन्य शुल्क:**</u> समितिले सिफारिस गरी कार्यपालिकाबाट निर्णय भए बमोजिमका अन्य शुल्क लिईने छ।

**१६.** दफा १५ बमोजिमको सबै किसिमको बहाल तथा सेवा शुल्क असूलीका लागि गाउँपालिकाले देहायको प्रकृया अवलम्बन गरी तोकिएको समय अवधिको लागि ठेक्का बन्दोवस्त गर्नेछ ।

क) बसपार्क भित्र रहेका कोठा तथा संरचनाहरुमा सञ्चालन गरिने व्यवसाय वा सेवाका आधारमा भाडा दर कायम गर्दा राजश्व परामर्श समितिको समेत राय लिई समितिले भाडा दर तोकी कार्यपालिका समक्ष सिफारिस गर्नेछ । समितिले भाडा दर सिफारिस गर्दा देहायका आधारमा न्यूनतम् भाडा दर कायम गर्नेछ ।

**अ)** क्षेत्रफल,

**आ)** टिकट काउण्टर,

**इ)** चमेना गृह,

**ई)** चलन चल्तीको भाडा दर ।

ख) पार्किङ्ग शुल्कको दर अनुसूची–१ लाई आधार मानी बार्षिक रुपमा उठ्न सक्ने रकमको एकिन गरी समितिले कार्यपालिका समक्ष पेश गर्नेछ ।

ग) दफा १६ को खण्ड क) र ख) बमोजिम कोठाभाडा, पार्किङ्ग शुल्क र बार्षिक उठ्न सक्ने रकमका आधारमा गाउँपालिकाले तोके बमोजिमको शर्त राखी बसपार्क सञ्चालन तथा व्यवस्थापनका लागि नियमानुसार खुल्ला बोलपत्र (ठेक्का) आव्हान गर्नेछ ।

घ) **ठेक्का/शिलबन्दी दरभाउ पत्र प्रकृया देहाय बमोजिम हुनेछ :**

१) बसपार्कको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि सार्वजनिक सूचना आह्वान गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा घरपझोङ गाउँपालिकाको सार्वजिनक खरिद नियमावली, २०८० बमोजिमको प्रक्रिया अवलम्बन गरी गर्नु पर्नेछ ।

२) बोलपत्र स्वीकृत गर्दा अधिकतम् कबोल भएको सारभूत रूपमा प्रभावग्राही बोलपत्र छनौट गरिनेछ । टेण्डरमा व्यक्ति वा संस्था सहभागी हुन सक्नेछन् ।

३) योग्यता तथा आधार पुरा भएका व्यवस्थापन पक्षले प्रस्ताव तथा बोलपत्र फाराम कार्यालयमा दर्ता गराउनु पर्नेछ र दर्ता हुन आएका कागजातहरू राजस्व शाखाले अभिलेख राखी मूल्यांकनको लागि प्राविधिक समितिमा पठाउनु पर्नेछ ।

४) मूल्यांकनबाट सारभूत रूपमा प्रभावग्राही बोलपत्रदातालाई खरिद ऐन तथा नियमावली बमोजिम सम्झौताको लागि आह्वान गरिनेछ । निर्धारित अवधिमा सम्झौताको लागि मुख्य छनौट भएको पक्ष उपस्थित नभएमा सो को धरौटी जफत गरी सात दिनभित्र बैकल्पिक पक्षलाई सम्झौताको लागि

आउन सूचना गरिनेछ । बैकल्पिक समेत सम्झौताको लागि नआएमा दोस्रो बैकल्पिकलाई सात दिनको समय दिई सम्झौताको लागि पत्र काटिनेछ । तर पहिलो र दास्रोको वा अधिकतम कबुल गर्ने पक्ष र सम्झौता गरिने पक्षको कबुल अंकको फरक धरौटी रकम भन्दा बढी रहेछ भने दोस्रोसंग सम्झौता नगरी पुनः टेण्डर गरिनेछ ।

५) वस्तु तथा सेवाको गुणस्तर मूल्य लगायतका विषयमा गाउँपालिकाले नियमित रुपमा अनुगमन गर्ने र मापदण्ड विपरित पाईएमा तत्काल कारवाही गर्नेछ ।

१७. **<u>बसपार्क व्यवस्थापनका थप अनिवार्य शतर्हरू:</u>** यस कार्यविधिमा अन्यत्र लेखिएकोमा सोही बमोजिम हुनेगरि एवं नलखिएको हकमा देहाय बमोजिमका शर्तहरू गाउँपालिका, बसपार्क व्यवस्थापक तथा सम्पूर्ण सरोकारवालाहरूले अनिवार्य पालना गर्नुपर्नेछ ।

क) बसपार्कमा सम्पूर्ण क्षेत्रहरूको समन्वय कार्य समिति र सञ्चालकको संयुक्त सरसल्लाहमा हुनेछ ।

ख) बसपार्कमा ईन्टरनेट जडान तथा महशुल भुक्तानी, सिसिटिभी लगायत भौतिक सम्पत्तिको सुरक्षा व्यवस्था, सरसफाई व्यवस्था, विधुत तथा पानीको महशुल भुक्तानी गर्ने लगायतको जिम्मा पूर्ण रूपमा व्यवस्थापकको हुनेछ ।

ग) यस कार्यविधि बमोजिम प्रतिश्पर्धामा भाग लिई सम्झौता गर्ने पक्षले देहाय बमोजिमको रकम बुझाउनुपर्नेछ : अग्रीम एक वर्षको रकम एकमुष्ट बुझाएमा १०% छुट गरिनेछ । मासिक रकम बुझाई सक्ने समय सीमा भित्र रकम सम्बन्धित पक्षले गाउँपालिकामा नबुझाएमा मासिक बुझाउनुपर्ने रकमको दैनिक ०.१% प्रतिदिनको हिसाबले थप जरिवाना लाग्नेछ । अग्रीम धरौटी राखेको रकमले जरिवाना सहित भाडा खेप्ने अवधि सम्म पनि भाडा नतिरेमा धरौटी जफत गरी यस कार्यविधि बमोजिम सम्झौता स्वतः अन्त्य भैजानेछ । यसमा व्यवस्थापकले कुनै दावा गर्न पाउने छैन ।

घ) बोलपत्र पेश गर्दा राख्नुपर्ने नगद धरौटी वा बैंक जमानतको हकमा वार्षिक रूपले हुन आउने बोलकबोल रकमको न्यूनतम ५% हुनेछ ।

ङ) ठेक्का स्वीकृत भएपश्चात बोलपत्रदाताले सम्झौता गर्न आउँदा न्यूनतम् ६ महिनाको हुन आउने रकम नगदै धरौटी दाखिला गरेको बैंक भौचर पेश गर्नुपर्नेछ ।साथै प्रति महिनाले हुन आउने भाडा रकम अग्रीम रूपमा भुक्तानी गर्नु पर्नेछ ।

च) बसपार्कभित्र शौचालय समग्र व्यवस्थापकले नै सरसफाई र सामग्री व्यवस्थापन गरी सेवाग्राहीलाई निःशुल्क प्रयोग गर्नेगरी सामग्री तथा जनशक्ति व्यवस्था गरी मिलाउनु पर्नेछ ।

छ) बसपार्कभित्र सवारी साधनहरूको विधुतिय चार्जिङ स्टेशन, वर्कसप लगायतका थप संरचना राख्न चाहेमा समितिको अनुमतिमा व्यवस्थापक आफैंले सम्पूर्ण खर्च व्यहोर्ने गरी प्रवन्ध गर्न सक्नेछ ।

१८. **<u>सम्झौता अवधि</u>:** सम्झौता अवधि सम्झौता भएको मितिले ४* बर्षको हुनेछ । व्यवस्थापकले म्याद समाप्त हुनुभन्दा ३ महिना अगावै म्याद थपको निवेदन गाउँपालिकामा पेश गरेमा औचित्य हेरी सन्तोषजनक र उपयुक्त ठहर गरेमा २/२ वर्षमा समितिको सिफारिसमा कार्यपालिकाले सम्झौता अवधि थप गर्न सक्नेछ । यसरी सम्झौता अवधि थप भएमा साविकको भाडा दरमा १०% (प्रतिशत) को दरले वृद्धि हुनेछ ।

१९. ठेक्का/शिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट बसपार्कको सञ्चालन तथा व्यवस्थापन हुन नसकेमा कार्यपालिकाबाट स्वीकृत भाडा दर तथा यस कार्यविधिमा उल्लिखित विभिन्न सेवा शुल्कको दरलाई आधार मानी गाउँपालिकाले छुट्टै कर्मचारी राखी बसपार्कको सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

## परिच्छेद -६

२०. **<u>टिकट काउण्टर व्यवस्थापन</u>:** बसपार्क सञ्चालन तथा व्यवस्थापनको लागि विभिन्न यातायात कम्पनीलाई व्यवस्थापकले नै आपसी समझदारीमा काउण्टरको भाडा मासिक अधिकतम् रु.१००००।००* मा नबढ्ने गरी टिकट काउण्टर उपलब्ध गराउनेछ ।

२१. **<u>बसपार्क व्यवस्थापक र बसपार्क प्रयोगकर्ताले पालना गर्नु पर्ने नियमहरु</u>:** बसपार्क सञ्चालन गर्ने जिम्मा लिने व्यवस्थापक तथा सोको प्रयोगकर्ताले देहायका शर्तहरु पालना गर्नुपर्नेछ :-

**क) बस व्यवसायी, चालक तथा कर्मचारीहरुले पालना गर्नु पर्ने नियमहरु :**

१) जोमसोम भन्दा बाहिरबाट छुट्ने बसको हकमा १५ मिनेट अगावै बसपार्कमा प्रवेश गरि सक्नु पर्नेछ,

२) बस व्यवसायी, चालक तथा कर्मचारीहरुले बोल्दा सभ्य, शिष्ट र नम्र भाषाको प्रयोग गर्नुपर्नेछ,

३) तोकिएको स्थान बाहेक अरुलाई असर पर्ने गरी धुम्रपान, मध्यपान गर्न पाईने छैन,

४) चालकले तोकिएको स्थानमा बाहेक पार्किङ गर्न, रोक्न र अनावश्यक रुपमा हर्न बजाउन पाउने छैन,

५) यातायात साधनका कर्मचारीले जथाभावी रुपमा यात्रुलाई अमर्यादित व्यवहार गर्न, सवारीको लागि तान्ने, धकेल्ने वा अन्य किसिमले दुर्व्यवहार गर्न पाउने छैन,

६) तोकिएको समयभन्दा बढी समय बसपार्कमा बस/सवारी साधन पार्किङ्ग गर्न पाइने छैन,

७) चालक, सहयोगी र अन्य कर्मचारीले अनिवार्य रुपमा तोकिएको पोशाक प्रयोग गर्नुपर्नेछ ।

८) यात्रु प्रतिक्षालय वा तोकिएको स्थानमा मात्र यात्रु चढाउनु तथा झार्नु पर्नेछ ।

**ख) यात्रीहरुले पालना गर्नु पर्ने नियमहरु:**

१) यात्रीहरुले तोकिएको स्थानमा गई टिकट लिनुपर्नेछ,

* प्रथम संशोधन ६ वर्षबाट ४ वर्ष र रु. १५०००।०० बाट रु.१००००।०० (दफा १८ र दफा २०)

२) टिकटमा उल्लेखित सिटमा मात्र बस्नुपर्नेछ,

३) बस व्यवसायी, चालक र कर्मचारीसँग मर्यादित व्यवहार गर्नुपर्नेछ,

४) धुम्रपान, मध्यपान गरी अरुलाई समेत असर पर्ने व्यवहार गर्न पाईने छैन । सभ्य यात्रीको परिचय दिनु पर्नेछ,

५) आफ्नो कारणले सृजित फोहोरमैलालाई जथाभावी फाल्न पाइने छैन । तोकिएको स्थानमा वा स्वयंले विसर्जन गर्नुपर्नेछ ।

**ग) बसपार्क भित्र व्यवसाय गर्ने व्यवसायीहरुले पालना गर्नुपर्ने नियमहरु :**

१. प्रचलित कानूनले तोकेको मापदण्ड भित्र रही उद्योग, फर्म, व्यापार व्यवसाय वा अन्य कुनै सेवा सञ्चालन गर्नुपर्नेछ,

२. प्रचलित कानूनले निषेध गरेका वस्तुहरुको बिक्री वितरण गर्न पाईने छैन,

३. तोकिएको सेवा वा वस्तुमा गुणस्तरीयता कायम भएको हुनुपर्नेछ र स्वीकृती लिएर मात्र कारोबार सञ्चालन गर्नुपर्नेछ,

४. सरसफाइ र स्वच्छता कायम गर्नका लागि आफ्नो अगाडिको वा क्षेत्रभित्रको सरसफाइ गर्ने जिम्मेवारी व्यवसायीको हुनेछ । फोहर व्यवस्थापन गर्ने भाँडो (डस्टबिन) पसल अगाडि अनिवार्य रुपमा राख्नु पर्नेछ,

५. गाउँपालिकाको स्वीकृती नलिई टहरा वा अन्य कुनै किसिमको संरचना थप्न पाईने छैन,

६. अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थालाई असहज पुर्याउने उद्देश्यले कसैले पनि कृत्रिम अभावको सृजना गर्न पाईने छैन,

७. अत्यावश्यक वस्तु वा सेवाको सूची र मूल्य निर्धारण गरी सूचना टाँस गर्नुपर्नेछ,

८. स्थानीय बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता हित संरक्षण सम्बन्धी ऐन, २०७६ को पूर्ण पालना गर्नुपर्नेछ ।

**घ) ठेकेदार, व्यवसायी वा व्यवस्थापकले पालना गर्नु पर्ने नियमहरु :**

१) गाउँपालिकाको सम्झौता अनुसार तोकिए बमोजिमका सम्पूर्ण कामहरु गर्नुपर्नेछ,

२) कुनै कारणवस बसपार्क व्यवस्थापनको सम्झौता तोड्न चाहेमा कम्तिमा ६ महिना अगाडि गाउँपालिकालाई लिखित सूचना/जानकारी दिनुपर्नेछ,

३) गाउँपालिकालाई बुझाउनुपर्ने दायित्व तोकिएको समयमानै अनिवार्य रुपमा बुझाउनु पर्नेछ,

४) बसपार्क भित्रका बत्ती, पानी, शौचालय, टेलिफोन लगायतका अन्य भौतिक संरचनाहरुको संरक्षण, सम्बर्द्धन, मर्मत सम्भार गर्नु पर्नेछ । कुनै कारणवश कुनै संरचना हटाउनु पर्ने देखिएमा गाउँपालिकाको स्वीकृति लिनुपर्नेछ,

५) बसपार्क भित्रको क्षेत्रलाई सफा, सुग्घर, हरियाली र कोलाहलमुक्त बनाउने तर्फ ध्यान दिनुपर्नेछ,

६) गाउँपालिकाले मागेको जुनसुकै सूचना वा विवरण तोकिएको समयमा अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ,

७) तोकिएको बाहेक अन्य व्यवसायहरु गर्न पाइने छैन,

८) बसपार्क भित्रको सम्पूर्ण सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ,

९) यस कार्यविधिमा उल्लेख भए बाहेकका विषयहरु प्रचलित कानून र सम्झौतामा उल्लेख भए बमोजिम हुनेछन् ।

## परिच्छेद –७

## सजाय तथा कारबाही

२२. **नियम पालना नगर्ने उपर गरिने कारबाहीः** (१) बसपार्क भित्रको क्षेत्रमा तोकिएका नियम पालना नगरेको पाईएमा वा सार्वजनिक क्षेत्रमा अनधिकृत र नियम विपरित पार्किङ गरेको भेटिएमा गाउँपालिकाबाट तोकिएको निरिक्षक वा ट्राफिक प्रहरीले देहाय बमोजिमको कारवाही गर्नेछ ।

**क)** मापदण्ड विपरीत हर्न बजाउने, यात्रु तानातान गर्ने जस्ता यात्री मैत्री व्यवहार नगरेमा पहिलो पटकका लागि रु.५००।०० (पाँच सय रुपैयाँ) र त्यसपछि पटकै पिच्छे दोब्बर जरिवाना गरिनेछ ।

**ख)** दफा २३ को खण्ड (ग) बमोजिम बसपार्कमा व्यवसाय गर्ने व्यवसायीहरुले पालना गर्नुपर्ने नियम पालना नगरेको पाईएमा गाउँपालिकाबाट तोकिएको निरिक्षकले उक्त व्यवसायीलाई प्रथम पटक रु.१०००।०० (एक हजार रुपैयाँ) सम्म जरिवाना र दोश्रो पटक सोही गल्ती दोहोर्याएमा सोको दोब्बर जरिवाना र तेश्रो पटक सोही गल्ती दोहोर्याएमा निजलाई बसपार्क क्षेत्र भित्रबाट निष्कासन गर्न समिति समक्ष पेश गर्नेछ । समितिले निजलाई निष्कासन गर्ने आदेश दिएमा व्यवस्थापकले उक्त व्यवसायीलाई बसपार्क क्षेत्रबाट निष्कासन गर्नुपर्नेछ ।

**ग)** दफा २३ को खण्ड (घ) विपरित कार्य गरे गराएमा प्रथम पटक रु.५०००।०० (पाँच हजार रुपैयाँ), दोश्रो पटक सोको दोब्बर र तेश्रो पटक पनि यस प्रकारको गल्ती गरेमा गाउँपालिकाले सम्झौता रद्दको प्रकृया अगाडि बढाउनेछ ।

**घ)** गाउँपालिका क्षेत्रभित्रको सार्वजनिक स्थलमा नियम विपरित पार्किङ गरेको भेटिएमा गाउँपालिकाबाट तोकिएको निरिक्षक वा नगर प्रहरीले प्रति सवारी साधन पहिलो पटक रू ५००।०० जरिवाना गर्नेछ। दोस्रो वा बढी पटकमा दोब्बर जरिवाना गर्नेछ ।

२३. **बाधा अड्काउ फुकाउः** (१) यस कार्यविधिमा उल्लेख भएका विषयहरुको हकमा यसै बमोजिम हुनेछ र उल्लेख नभएका विषयहरुको सम्बन्धमा विषयबस्तु सँग सम्बन्धित प्रचलित ऐन नियम अनुसार र गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

२४. **संशोधन र खारेजीः** (१) यो कार्यविधिको संशोधन वा कुनै दफा खारेजी गर्ने अधिकार गाउँ कार्यपालिकामा निहित हुनेछ ।

(२) घरपझोङ गाउँपालिकाको बसपार्क सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० खारेज गरिएको छ ।

## अनुसूची –१

## दफा ११ ख) सँग सम्बन्धित

## पार्किङ शुल्क (रात्री विश्राम सहित बढीमा २४ घण्टा)

| सि.नं. | विवरण शुल्क | कैफियत |
|---|---|---|
| १. | ट्रक, बस, ट्र्याक्टर, लोडर, डोजर | १५०।- |
| २. | जीप, कार, ट्याक्सी, भ्यान | १००।- |
| ३. | मोटरसाईकल | २०।- |

**पार्किङ शुल्क (छोटो समयको लागि)**

| सि.नं. | विवरण | समय | कैफियत |
|---|---|---|---|
| | | प्रति घन्टा रु. | |
| १. | ट्रक, बस, ट्र्याक्टर, लोडर, डोजर | २०।- | |
| २. | जीप, कार, ट्याक्सी, भ्यान | १०।- | |
| ३. | मोटरसाईकल | ५।- | |
| ४. | गाडी रोकी खाना बनाउने खानेहरुको लागि सरसफाई शुल्क | | |
| ४.१ | बस | २००।- | |
| ४.२ | जीप | १००।- | |

**आज्ञाले,**
नामः वेदहरि अधिकारी
**प्रमुख प्रशासकीय अधिकृत**
मितिः २०८१/१२/२२